नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १०१ | २०७७ साल कात्तिक २९ गते शनिबार (14 Nov. 2020 Saturday) | मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : कोभिडको मारमा ... ४ पृष्ठमा : वार्षिकोत्सवमा नेपाल ... ४ पृष्ठमा : बलात्कारका आरोपित ...

# सरकारले जनताको जीउधनको सुरक्षा गर्न सकेन् : जसपा अध्यक्ष यादव



**दैनिक समाचारदाता**
**राजविराज, २८ कात्तिक ।**

जनता समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष उपेन्द्र यादबले सरकारले जनताको जीउधनको सुरक्षा गर्न नसकेको आरोप लगाएका छन् ।

जनता समाजवादी पार्टी सप्तरीद्वारा शुक्रबार राजविराजमा आयोजित शुभकामना आदान कार्यक्रममा बोल्दै उनले मुलुकले कोरोना माहामारी झेलिरहेको समयमा सरकारको मुख्य कर्तव्य जनताको ज्यानको सुरक्षा हुनुपर्नेमा सरकार त्यसबाट बिमुख भएको आरोप लगाएका हुन् ।

पूर्व उपप्रधानमन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्री समेत रहनुभएका अध्यक्ष यादवले जनताप्रति ध्यान दिनुपर्नेमा सरकार अहिले अन्य चलखेलमा लागेको बताउँदै मुलुकका लागि यस्ता चहलखेल दुर्भाग्य रहेको उल्लेख गरे ।

संघीय सरकार संघीयता र गणतन्त्र समाप्त पार्ने षड्यन्त्र गरिरहेको आरोप लगाउँदै उनले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सरकारले चुनौती दिने प्रयास गरेको बताए ।

उनले भने, 'आन्दोलनबाट प्राप्त उपलब्धीहरुको रक्षा गर्दै विभेदरहित समृद्ध मुलुकको निर्माणका लागि जसपाको गठन भएको छ, यसका लागि हाम्रो पार्टी सरकारविरुद्ध हरेक मोर्चामा लड्न तयार छ ।'

शिक्षित र सक्षम युवालाई नेतृत्व गर्ने समय आइसकेको बताउँदै अध्यक्ष यादवले देशको विकास र समृद्धिको लागि शिक्षित र सक्षम युवाहरुलाई अगाडि आउन आग्रह समेत गरे ।

यस्तै कार्यक्रममा जनता समाजवादी पार्टीका केन्द्रीय कार्यकारी सदस्य तथा पुर्वमन्त्री राजकिशोर यादवले सबै वर्गको अधिकार सुनिश्चितताका लागि नयाँ नेपाल निर्माण गर्ने उद्देश्य स्थापित भएको जिकिर गरे । सबै प्रकारको विभेद अन्तको लागि पार्टी स्थापित भएकोले जसपा बैचारिक रूपमा संगठित भई पहिलो शक्ति बन्ने उनले उद्घोष गरे ।

सरकारबाट गणतन्त्रको बिरोधमा काम भईरहेको कुरा नेकपाका नेताहरूले उठाउन थालेकोले सरकार असफल भईसकेको उदाहरणको रूपमा कोभिड १९ को संक्रमणको अबस्थामा जनताको स्वास्थको सुरक्षा गयारेन्टी नगर्नु ठुलो दुरभाग्य रहेको उनको भनाई छ ।

त्यस्तै राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिँह यादवले पार्टी एकिकरणलाई बलियो बनाई मधेशीको अधिकारलाई स्थापित गर्नु आबश्यक रहेको बताए । उनले भने, "सबै उत्पिडित वर्ग मधेशी, थारू, दलित, मुस्लिम, जनजाती लगायतको अधिकार सुनिश्चितका लागि पार्टी जसपा स्थापित भएको दाबी समेत गरे ।

सोही कार्यक्रममा जसपा केन्द्रीय कार्यकारी सदस्य रेणु यादबले संबिधानमा समाबेशी समानुपाति सहभागिता लेखेपनि कार्यन्वयन नभएकोले टिप्पणी गरिन् । उनले सरकारले राजदुत नियुक्ती प्रक्रियामा भेदभाव गरेको आरोप लगाउदै राजदुत नियुक्त प्रक्रिया मधेशीलाई समानुपातिक रूपमा सहभागिता नगराएको आरोप लगाइन् ।

सो कार्यक्रममा प्रदेश २ का भुमि, ब्यबस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र कुमार साह, समाजिक बिकास मन्त्री नवल किशोर साह, प्रदेश सांसद मनिष सुमन लगायतले शुभ दिपावली तथा छठ पर्वको अवसरमा शुभकामना मन्तब्य दिएका थिए ।

# ठूलो परिमाणको पटाका बरामदपछि नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, २८ कात्तिक ।**

तिहार अन्तरगत लक्ष्मी पूजा एवं दिपावलीको पूर्वसन्ध्यामा सप्तरी प्रहरीले ठूलो परिमाणको पटाकाहरु बरामद गरि नष्ट गरेको छ ।

भारतसँग जोडिएको जिल्लाको विभिन्न नाकाहरुबाट चोरीलुकी भित्राउँदै गरिएको तीन लाख बढी मुल्य बराबरको पटाकाहरु बरामद गरि नष्ट गरेको हो ।

चाडपर्वमा सीमापारीबाट भित्रिने पटाका र त्यसबाट जनधनमा पुग्ने क्षति रोक्न सिमा क्षेत्रमा निगरानी बढाएपछि ठूलो परिमाणमा प्रहरीले विभिन्न किसिमका पटाका बरामद गरी नष्ट गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरी जिल्ला प्रहरी कार्यालय हाताभित्र खाल्डो खनी बरामद पटाकाहरु नष्ट

*बाँकी अन्तिम पृष्ठमा*

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

# जिल्लाको विकासमा बढी ध्यान देऊ

सप्तरी जिल्लाको विकासमा सम्पूर्ण जनताको सहयोग आवश्यक रहेको छ। यद्दपी यहाँ अहिले विकासको कार्य विगत भन्दा अलि बढी भइरहेको छ। जनप्रतिनिधि आइसकेको अवस्थामा विकासीय कार्यमा तिब्रता दिन आवश्यक छ। सप्तरीको विकास विगत भन्दा केही फरक रहेको छ। सप्तरीको विकासमा पनि विभिन्न राजनैतिक दलहरुले राजनीतिक गतिविधि जस्तै तिब्र गतिमा गर्न सके भने सप्तरीमा ठूलै ठेवा पुग्न सक्छ।

सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरुले राजनीतिक स्थिरतासँगै जिल्लाको विकासतर्फ ध्यान पुऱ्याउनु पर्ने हुन्छ। नेपालभरीमै प्राविधिक क्षेत्रमा कार्य गर्ने व्यक्तिहरुको थलो हो सप्तरी। सप्तरीका व्यक्तिहरु नेपालको प्राविधिक क्षेत्रमा उच्च पदमा रहेर कार्य गरिरहेका छन्। जसले सप्तरीलाई एउटा फरक पहिचान दिएको छ।

तसर्थ सप्तरीको विकासमा सप्तरीवासी नै एकजुट भई अगाडी बढ्ने अवस्था आएको छ। यसका लागि सप्तरीका बुद्धिजिवी, संचारकर्मी, नागरिक समाज, प्राध्यापक, शिक्षक तथा अन्य क्षेत्रमा लागेका व्यक्तिहरुको चासो बढ्नु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# कोभिडको मारमा नेपाली पत्रकार

काठमाडौं, २८ कात्तिक (रासस)।

“दिनरात नभनी दुःख गरेँ, कहिलेकाहीँ त पत्रिकाको काम सकेर घर पुग्दा बिहानको चार पनि बज्थ्यो” अन्नपूर्णपोष्ट दैनिकका पत्रकार गोविन्द देवकोटाले सुनाउनुभयो, “खाइनखाई काम गरियो, विपद् आएपछि झन् हामीमाथि त अर्को विपद् पो आइलाग्यो” पत्रकार देवकोटाले आक्रोस पोख्नुभयो। उहाँको माग त्यति ठूलो छैन। भन्नुहुन्छ ‘‘काम गरेको हिसाब किताब गरिदिनुस, हामी घर जान्छौं।’’ उहाँको त्यही माग पनि पूरा भएको छैन।

समाचार सम्पादनमा काम गरिरहेका देवकोटालाई कोरोनाको कहरमा समाचार सङ्कलन शाखाको विशेष व्युरोमा सरुवा गरियो। त्यहाँ आएको एक महिना नबित्दै मनाङ सरुवा गरियो। तलब पाउनु त कहाँ हो कहाँ मानसिक यातना शुरु भयो भन्नुहुन्छ उहाँ। कोरोनाको महामारीका बेला अग्रस्थानमा रहेर काम गरेको पारिश्रामिक मागेपछि पत्रकार देवकोटालाई आर्थिक तथा मानसिक यातानाको चरण शुरु भयो। “डेरा भाडा तिर्नुपऱ्यो, आफुले बिहान बेलुकाको छाक पनि टार्नुपऱ्यो” पत्रकार देवकोटाले आफ्नो पीडा सुनाउदै भन्नुभयो, “एकै महिनामा दुई ठाउँ सरुवा गरेपछि हटाउन खोजेको मैले बुझेको छु त्यसैले काम गरेको हिसाब गरिदिनुस भन्ने मात्रै माग हो।”

उहाँलाई सरुवा गरिएको मनाङमा कार्यालय छैन र स्रोतसाधन पनि केही छैन। देवकोटाले आफूलाई जागिरबाट हटाउन लागेको भन्ने प्रष्ट अनुभूति भएपछि काम गरेको तलब माग्नुभएको हो। “कोभिडको महामारी हाम्रा रोजगारदाताको लागि एउटा बलियो बहाना भयो” पत्रकार देवकोटाले थप्नुभयो, “मनाङ जिल्लामा सरुवा भयो, म सम्पादनमा काम गरेको मान्छे, त्यहाँ काम गर्ने कार्यालय पनि थिएन, म बाहिरिन्छु भनेर श्रम ऐनअनुसार हिसाब मागेँ तर अहिलेसम्म पाएको छैन।” पत्रकार देवकोटालाई जिल्लामा सरुवा भएपछि जागिर निरन्तर रहन्छ भन्ने विश्वास थिएन। उहाँले जिल्लामा काम गर्ने पत्रकारको पीडा सुनाउँदै भन्नुभयो, “सबै जिल्लाका समाचारदातालाई स्टि्रङ्गर बनाएका छन्, त्यो पनि चैतदेखि अहिलेसम्म तलब दिएका छैनन्, के आशाले म काम गर्न मनाङ जाउँ, पारिश्रामिक लिएर जागिर छोडने निधो गरेँ।” तर पत्रकार देवकोटाले अहिलेसम्म तलब पाउनुभएको छैन। कानूनी लडाईं लडेर पनि काम गरेको पारिश्रामिक लिने तयारी उहाँको छ। प्रेस रजिष्ट्रार कार्यालयमा उजुरी पुगेको छ। न्याय पाइएला/नपाइएला तर एउटा प्रणालीको विकास होस भन्ने पत्रकार देवकोटाको धारणा छ।

कोरोनाको कहरमा काम गरेको पारिश्रामिक समेत नपाएर जागिरबाट हात धुनु परेका व्यक्ति पत्रकार देवकोटा एक्लो भने हुनुहुन्न। काठमाडौँमा चलेको पत्रिकामा काम गर्ने अर्को एक महिला पत्रकार (नाम नखुलाउने सर्तमा) को पनि पीडादायी अनुभव उस्तै छ। काम गऱ्यो तर तलब पाइँदैन, अब कसरी कम गर्नु ? “दिनभर काम गऱ्यो तर पर्वका बेलासम्म तबल पाइएन, भदौ महिनादेखि तलब पाएको छैन, विरोध गरौँ भने महामारीको बेला जागिरै जाने डर छ,”- उहाँले थप्नुभयो, “दशैंको बेलामासम्म तलब पनि पाइएन, सरकारले बनाएको कानून त सञ्चारगृहले लागू गनुपऱ्यो नि !” विपद्मा अग्रस्थानमा रहेर खट्ने पत्रकारको पीडा धेरैको यस्तै छ। तलबका लागि लडौं या यत्तिकै चुप लागेर बसौं ? बिना पैसा कति दिन काम गर्ने भन्ने अन्यौल कायमै छ। तर पनि काम छाड्न मन भने लागेको छैन।

कोरोनाको कहरमा यस्ता समस्या बढ्दै गएको छ। कान्तिपुरमा काम गर्ने पत्रकार मधुसुदन भट्टराईको पीडा पनि फरक छैन। कान्तिपुर दैनिकले काम गर्दागर्दै महामारीका कारण पत्रकार भट्टराईलाई वैशाख ८ गतेबाट घरमा बस्न भनिदियो। “कान्तिपुरले अहिलेको परिस्थितिमा अप्ठ्यारो छ, वैशाख महिनाभरी घरमा बस्नु भन्यो, कात्तिक सकिन लाग्दा पनि वैशाख सकिएको छैन”- उहाँले आफ्नो पीडा सुनाउदै भन्नुभयो, “दुःखमा साथ पाइएला भनेर काम गऱ्यो, सहयोग गर्नुपर्नेमा उल्टै घरमा बस्न भनियो, १६ वर्ष वोनस बाँडेको संस्थाले एक महिना बन्दाबन्दी हुँदा धान्न नसक्ने खालको हुदैन” उहाँलाई सामान्य कर्मचारीलाई निकालेर श्रमजीवीमाथि आफ्नै संस्थाले अन्याय गरेको महसुस भएको छ। “श्रमजीवीमाथि घोर अन्याय भएको छ, कानूनी लडाईंमा जान्छौं, त्यत्तिकै छोड्दैनौं”- उहाँले सुनाउनुभयो, “विपद्मा कर्मचारी निकाल्ने मिडियाका मालिकलाई मजदुरको आँशु लाग्नेछ।” उहाँले वैशाखमा आधाभन्दा कम तलब पाउनुभयो त्यसयता केही पाउनुभएको छैन।

कोरोनाको महामारीमा आफ्नो घर परिवार अनि छरछिमेकको पर्वाह नगरी काम गर्न सडकमा निस्किए पत्रकार। यो बाहिर जान्छ, योबाट हामी जोगिनुपर्छ भन्ने लाग्दथ्यो समाजमा। परिवारमा पनि त्रास हुँदाहुँदै काम गरेका पत्रकारले तलब पाएका छैनन्। काम गरे बापतको पारिश्रामिक पाउन आन्दोलन गर्नुपर्ने, तलब मागे सरुवा गरेर धेरै टाढा पठाउनेजस्ता धेरै समस्या भोग्नुपर्ने बाध्यता धेरै पत्रकारको छ। तलब नदिने, घरमै बस पछि बोलाउँछु भनेर महिनौँसम्म नबोलाउने गर्दा पत्रकारलाई आर्थिक र मानसिक रुपमा निकै तनाब भएको छ। यी तीन पत्रकारका प्रतिनिधि पात्र मात्रै हुन्। यस्ता पीडा बोकेका पत्रकार अहिले अहिले सञ्चार क्षेत्रमा धेरै छन्।

महामारीका बेलामा महिला र पुरुष पत्रकारलाई उस्तै पीडा छ। तर घर व्यवहार सबै मिलाएर काममा निस्कने महिला पत्रकार पनि त्यतिकै प्रभावित बनेका छन्। परिवालाई खाना तयार गर्ने, त्यसका लागि आवश्यक व्यवस्थापन गर्नेदेखि लिएर बच्चाको अनलाइन कक्षामा बसिदिनेसम्मको काममा महिला नै खट्नुपर्ने अवस्था छ। यस्ता धेरै कारणले गर्दा महामारीमा महिला पत्रकार अझ बढी प्रभावित भएका छन्।

एड्भोकेसी मिडिया ग्रुपका पूर्व अध्यक्ष बबिता बस्नेको अनुभवमा महिला पत्रकारलाई निकै मार परेको छ। सबैतिरको व्यवस्थापन गर्दा व्यावसायिक रुपमा महिला मारमा परेका छन्। “घर परिवारको दायित्वले पनि महिलालाई बढी असर परेको छ, बच्चा अनलाइन कक्षा महिलाको जिम्मा, महामारीका बेलामा बाहिर निस्कदा पनि मनसिक त्रास पनि बढी महिलामा छ” उहाँले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो, “स्वतन्त्र रुपमा महिला पत्रकारले काम गर्न पाएका छैनन्, त्यसमा पनि जागिर गुम्यो, रोजीरोटी पनि गुम्यो।” उहाँले जसले मल्टिमिडिया राम्रोसँग जानेको छ, ती व्यक्तिलाई महामारीले खास असर नगरेको तर प्राविधिक पक्ष बलियो नहुने पत्रकार मारमा परेका बताउनुभयो।

नेपाल पत्रकार महासंघको तथ्याङ्कअनुसार अहिले नेपालका ५७५ पत्रकारको रागेगारी गुमेको छ। काम गरेबापत ७०० पत्रकारले तलब पाएका छैनन्। जुनसुकै समयमा पनि अगाडि सरेर काम गर्नुपर्ने पत्रकारलाई कोभिडको जोखिम पनि त्यतिकै छ। कोभिडबाट हालसम्म ४५० जना पत्रकार सङ्क्रमित भइसकेका छन् भने पाँच जनाको मृत्यु भएको छ। तर यस्तो जोखिमकै अवस्थामा पनि पत्रकारले आफ्नो धर्म छाडेका छैनन्।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य कोभिडको मारमा सञ्चार गृह र सञ्चार गृहमा कामगर्ने पत्रकारलाई बढी प्रभावित भएको बताउनुहुन्छ। “कोभिडको बाहाना बनाएर श्रमजीवी पत्रकारलाई आर्थिक, मानसिक रुपमा प्रभाव पार्ने काम भएको छ”,अध्यक्ष आचार्यले भन्नुभयो, “स्थलगत रुपमा नै कामगर्ने पत्रकारको स्वास्थ्यमा पनि प्रभाव परेको छ, सङ्क्रमण दर पनि पत्रकारमा बढी छ।”

राज्य, राज्यका संरचना र समाजका राम्रा कामलाई उहाहरणका रुपमा बाहिर ल्याउने र नराम्रा कामलाई गल्ती गरेको उजागर गर्ने पत्रकारलाई महामारी निकै कष्टकर बनेको छ। काम गरेबापत पैसा नपाउने भएपछि धेरै पत्रकार पेशाबाट पलायन हुन बाध्य भएका छन्। आफ्नो गुजारा चलाउनका लागि पनि पत्रकारले पेशा परिवर्तन गर्नुपर्ने अवस्थाको सिर्जना भएको छ। त्यसो त कोभिडको प्रभाव हरेक क्षेत्रमा परेको छ। त्यसमा पनि अग्रस्थानमा रहेर काम गर्नुपर्ने पत्रकारलाई बढी परेको अनुभव छ। अध्यक्ष आचार्यले भन्नुभयो, “पत्रकारको आर्थिक, भौतिक, पारिवारिक, सामाजिक रुपमा समेत असर परेको छ, अग्रस्थानमा रहेर खट्नुपर्ने अवस्था हुन्छ, खटेर काम गर्ने पत्रकारले पनि तलब नपाउँदा मानसिक रुपमा तनाब झेल्नुपरेको छ।”

श्रमजीवी पत्रकारहरुले अप्ठ्यारो अवस्थामा काम गरेको तबल नपाउनु निकै पीडादायी पक्ष हो। चाडपर्वका बेलामा परिवारको सामान्य गुजारा समेत चलाउन नसक्ने अवस्था भोग्नुपरेको व्यक्तिलाई मात्र थाहा हुन्छ। विपद्मा असाध्यै तीतो अनुभव पत्रकारले गर्नुपरेको छ। क्रियाशील रुपमा काम गर्ने पत्रकारले समयमा तबल नपाएपछि काम गर्ने उत्साह पनि हुदैन। यस्तो अवस्था भएपछि पत्रकारिताको गुणस्तरमा पनि त्यत्तिकै असर परेको हुन्छ। पत्रकारहरुले काम गरेको पारिश्रामिक लिनकै लागि आन्दोलन गर्नुपर्ने अवस्था रहदासम्म के जाँगरले काम गर्ने भन्ने पनि हुन्छ र यसबाट उनीहरुको कामको गुणस्तरमा पनि फरक पर्ने खतरा रहन्छ।

पत्रकार आन्दोलित भएका छन्। श्रमजीवी पत्रकारको हकहितका लागि काम गर्ने पत्रकार महासंघले पनि पनि श्रमजीवी पत्रकारलाई तबल दिन दबाब दिने, शान्तिपूर्ण आन्दोलन गर्ने काम गरिरहेको छ। महासंघका अध्यक्ष आचार्यले भन्नुभयो, “दैनिकजसो पत्रकारको तलब दिलाउत सञ्चार गृहका मालिकलाई झकझक्याइरहेका छौँ, आन्दोलन गरिरहेका छौँ, कानूनी उपचारका लागि महासंघ निःशुल्क लड्ने व्यवस्था गरेका छौं।” महासंघले खाद्यान्न सङ्कट परेका पत्रकारलाई खाद्यान्न र स्वास्थ्य सामाग्री पनि उपलब्ध गराउँदै आएको छ।

श्रमजीवी पत्रकारलाई समयमा तबल नदिने वा तोकिएको पारिश्रामिक नदिनेजस्ता समस्या आएपछि सरकारले न्यूनतम पारिश्रामिक निर्धारण समिति गठन गरेर अध्ययन गरिरहेको छ। उक्त समितिले सरकारले तोकेको न्यूनतम पारिश्रामिक दिन दबाब दिने काम गर्दै आएको छ।

“कोभिडका कारण सञ्चार क्षेत्रमा कति प्रभाव परेको छ, त्यसबारेमा अध्ययन भइरहेको छ”- न्यूनतम पारिश्रामिक निर्धारण समितिका अध्यक्ष राजेन्द्र अर्यालले भन्नुभयो, “धेरै गुनासा छन्, हिजो पनि समस्या थियो, कोभिडले झन् समस्या थपिदियो, त्यस्तै कोभिड भन्दा पनि कोभिडलाई निहुँ बनाउने नियत अझ बढी देखियो।” समितिले श्रमजीवी पत्रकारको पक्षमा परेका उजुरीलाई अध्ययन गरेर सम्बन्धित सरोकारवालाई पत्र काट्ने र बोलाएर छलफल गर्ने काम गरिरहेको छ। यदि समितिले दिएको निर्देशन पनि सञ्चारगृहले नमानेमा कारबाही गर्ने अन्तिम निकाय प्रेस रजिष्ट्रारको कार्यालयमार्फत् कानूनी उपचार गर्ने व्यवस्था छ। कानूनी उपचारमा पनि धेरै पत्रकारहरु लागिपरेका छन्।

सरकारले पछिल्लो समयमा रु २४ हजार ५०० न्यूनतम पारिश्रामिक निर्धारण गरेको छ। त्यही पाउन पनि पत्रकारलाई समस्या परेको छ। सरकारको तर्फबाट सञ्चार क्षेत्रको प्रतिनिधित्व गरिरहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङको आग्रह छ, “विपद्का बेलामा कानूनले तोकेअनुसार कम्तीमा न्यूनतम पारिश्रामिक सबै पत्रकारलाई दिन आग्रह गर्छु।”

# तिलाठी कोइलाडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## तिलाठी, सप्तरी
## प्रदेश नं. २, नेपाल

### शिलबन्दी बोलपत्र आह्वानको सूचना नं.०३।०७७।०७८

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२९ गते

यस गाउँपालिकामा आ.ब ०७७।०७८ को स्विकृत **स्थानिय पूर्वाधार बिकास साझेदारी कार्यक्रम तर्फको** बजेट बाट तपसिल बमोजिमको निर्माण कार्य गर्नुपर्ने भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त कार्य गर्न चाहने इच्छुक इजाजत प्राप्त ब्यवसायी, फर्म वा कम्पनीले तपसिलको शर्तको अधिनमा रही गोप्य शिलबन्दी दरभाउ पत्र भरी बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. श्री प.मा.वि लौनियाँ-तिलाठी को विधालय भवन निर्माण कार्यको कूल रकम भ्याट र कन्टिन्जेनसी बाहेक रु.१,११,०२,११६/९३ (अक्षरेपि रु.एक करौड एगारह लाख दुई हजार सोरह पैसा तेरान्बै मात्र) रहेको छ ।

२. श्री राजेन्द्र देबकी .मा.वि कोईलाडीको विधालय भवन निर्माण कार्य कूल रकम भ्याट र कन्टिन्जेनसीबाहेक रु.१,११,०२,११६/९३ (अक्षरेपि रु.एक करौड एगारह लाख दुई हजार सोरह पैसा तेरान्बै मात्र) रहेको छ ।

३. बोलपत्र फारम फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता सहितको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आ.ब.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी तपसिल बमोजिमको दस्तुर बुझाई प्राप्त गर्न सकिने छ ।

४. शिलबन्दी बोलपत्रदाताले फारम साथ सि.नं. ३ मा उल्लेखित कागजातहरुको अतिरिक्त खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा घोषणा पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

५. यो सूचना प्रकाशन भएको मितिले ३० दिनसम्म (मिति २०७७/०८/२८ गते सम्म) कार्यालय समयभित्र गाउँपालिका कार्यालयबाट शिलबन्दी बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्रको प्रत्येक पानामा सही छाप गरि, शिलबन्दी गरि, खाम बाहिर फर्मको नाम/ठेगाना र कामको नाम प्रष्टसँग लेखी मिति २०७७।०८।२९ गते यस कार्यालयमा दिनको १२ बजेसम्ममा दर्ता गराउनु पर्ने छ । म्याद सकिएपछि प्राप्त हुने शिलबन्दी बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएका दरभाउ पत्रहरु सोही दिन दिनको २:०० बजे दरभाउ पत्रदाताहरु तथा प्रतिनिधीहरुको रोहवारमा यस कार्यालयमा खोलिनेछ । शिलबन्दी बोलपत्रदाताहरु वा प्रतिनिधीहरुको उपस्थिती नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. एक फर्म वा संस्थाको नाममा खरिद भएको शिलबन्दी बोलपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन ।

. शिलबन्दी बोलपत्र ९० दिन सम्मको लागि मान्य हुनेछ । बोलपत्र साथ बिडबण्ड वापतको धरौटी रकम तपसिलमा उल्लेखित धरौटी रकम यस कार्यालयको नाममा रहेको एन.एम.बि.बैंक, तिलाठी,सप्तरी स्थित धरौटी खाता नं. **१०८००८५०९६८०००७६** मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको बिडबण्ड पेश गर्नु पर्नेछ वा यस गा.पा मा नगद जम्मा गरि सो को सक्कल भौचर पेश गर्नु पर्ने छ ।

७. शिलबन्दी बोलपत्र शर्त सहित कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टव्य लेखेको हुनु पर्नेछ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको दस्तखत वा सही छाप हुनु पर्नेछ । रित नपुगेको वा सूचनाको शर्त विपरीत शिलबन्दी बोलपत्रमाथी कारवाही हुने छैन ।

८. शिलबन्दी बोलपत्र दाताले बोलपत्रमा अंक र अक्षर दुवैमा अनिवार्य रुपले दर रेट (मु.अ.कर बाहेक) उल्लेख गर्नु पर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

९. शिलबन्दी बोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोली पल्ट वा विदा पछि कार्यालय खुलेको दिन तोकिएको समयमा हुनेछ

१०. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना तथा शिलबन्दी बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको शिलबन्दी बोलपत्रमा कारबाही गरिने छैन ।

१२. शिलबन्दी बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१३. अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सर्म्पक राख्नुहुन जानकारी गराईन्छ ।

#### तपसिल

| सि.नं. | ठेक्का नं | कामको विवरण | कुल ल.ई. रकम (मु.अ.कर र कन्टिजेन्सी बाहेक) रु. | दरभाउपत्र दस्तुर रु. | धरौटी रकम रु |
|---|---|---|---|---|---|
| १ | ०७/०७७/०७८ | श्री प.मा.वि लौनियाँ-तिलाठी को विधालय भवन निर्माण गर्ने कार्य | रु.१,११,०२,११६/९३ | रु.३०००।- | रु.३,३३,५००।०० |
| २ | ०८/०७७/०७८ | श्री राजेन्द्र देबकी मा.वि कोईलाडी को विधालय भवन निर्माण गर्ने कार्य | रु.१,११,०२,११६/९३ | रु.३०००।- | रु.३,३३,५००।०० |

प्रमुख प्रशासकीय अधिकृत

# वार्षिकोत्सवमा नेपाल बैंकद्वारा रक्तदान




**दैनिक समाचारदाता**
**राजविराज, २८ कात्तिक ।**
नेपाल बैंक लिमिटेडको ८४ औं वार्षिकोत्सवको अवसरमा शुक्रबार नेपाल बैंक लिमिटेड शाखा राजविराजले रक्तदान कार्यक्रमको आयोजना गरेको छ।

शाखाको कार्यालयमा आयोजित रक्तदान कार्यक्रममा ११ जना रक्तदान गरेका छन् । रक्तदान गर्नेहरुमा बैंकका शाखा प्रबन्धक भक्तराज भगत, पंकज राजवंशी, लक्ष्मण मण्डल, सन्तोष मण्डल, कंचन पोखरेल, अनिरुद्धलाल दास, इश्वर यादव, सुरेश कुमार झा, सुरेश कुमार साह, अरबिन्द यादव र कपिलदेव साह रहेका छन् ।

आयोजित रक्तदान कार्यक्रममा बैंकका कर्मचारी, सर्वसाधरण तथा ग्राहकहरु समेतले रक्तदान गरेको शाखाका प्रबन्धक भक्तराज भगतले जानकारी दिए ।

# बलात्कारका आरोपित पक्राउ

सप्तरी, २८ कात्तिक (रासस) ।
सप्तरीमा ३५ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले कञ्चनरुप नगरपालिका-४ का सोविन्द्र रामलाई बिहीबार पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय कञ्चनरुपले उजुरी दर्ता गरी कारवाही प्रक्रिया अगाडि बढाएको प्रहरी नायब उपरीक्षक नरेशकुमार सिंहले बताउनुभयो ।

शौचालय गर्न निक्लिएका बेला आरोपितले पीडितलाई पछाडिबाट मुख बन्द गरी बाँसको झाडीमा लगेर यही कात्तिक २० गते बलात्कार गरेको पीडितले बताउनुभयो ।

यसैगरी अर्को एक घटनामा १९ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा हनुमाननगर कङ्कालिनी नगरपालिका-४ स्थित मधवापुरको गङ्गापुरका २२ वर्षीय भुपेन्द्र सरदार बाँतरविरुद्ध बिहीबार उजुरी दर्ता भएको छ । एक्लै देखेर मौका छोपी नियन्त्रणमा लिई करकापमा पारी कात्तिक २३ गते आरोपितले उसमान मियाँको आँपको बगैँचामा बलात्कार गरेको पीडितले आरोप लगाउनुभएको छ । आरोपित हालसम्म पक्राउ परेका छैनन् ।

### *ठूलो परिमाणको ...*

गरेको छ ।

सप्तरी प्रहरीका सूचना अधिकारी एवं डिएसपी भुवनेश्वर प्रसाद साहका अनुसार चेकजाँचका क्रममा भारतीय सिमासँग जोडिएको सप्तरीको बोदेबर्साइन नगरपालिका, राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका र छिन्नमस्ता गाउँपालिका लगायतका नाका क्षेत्रमा विभिन्न व्यक्तिबाट ठूलो परिमाणमा जफत गरिएका नागिन पटाका, आलु बम, सप्तरंगी पटाका, रकेट बम, चकलेट बम, मिनि बुलेट लगायतका ३ लाख ३२ हजार ७ सय ५० रुपैया बराबरको पटाका नष्ट गरिएको हो ।

यता सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्र धमलाले कोरोना महामारीका बेला घरमै बसेर चाडपर्व मनाउन आग्रह गर्दै राज्यले प्रतिबन्ध गरेको पटाकाका कारण परिवार र समाजमा पुग्न सक्ने क्षतिबारे सबैलाई जागृत गराउन प्रहरीले पर्चा, पम्पलेट र म्याकिङ्ग मार्फत सचेतना समेत फैलाउन सुरु गरिएको छ ।

# सडक दुर्घटनामा एकको मृत्यु

धनुषा, २८ कात्तिक (रासस) ।
ढल्केवर-जनकपुर राजमार्गअन्तर्गत जनकपुरको मुजेलियामा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा धनुषाधाम नगरपालिका-१९ का ४५ वर्षीय विजय शर्मा रहेको प्रहरीले जनाएको छ । धनुषाधामबाट जनकपुरतर्फ आइरहेको बा२०प ६८३१ नम्बरको कार तीव्रगतिका कारण अनियन्त्रित भई पुलबाट तल पानीमा खसेर शुक्रबार बिहान दुर्घटना भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका कार चालक शर्मालाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर लैजाने क्रममा बाटो मै मृत्यु भएको प्रहरीको भनाइ छ । शर्माको शव पोष्टमार्टमका लागि अस्पतालमा राखिएको छ ।

# नवजात शिशु गाडिएको अवस्थामा जिवितै फेला



**दैनिक समाचारदाता**
**राजविराज, २८ कात्तिक ।**
सप्तरीको बोदे बरसाईन नगरपालिकामा शुक्रबार एक नवजात शिशु गाडिएको अवस्थामा जिवितै फेला परेको छ ।

वडा नं. ५ जाँजरस्थित खडक नदी छेउमा टाउँको तिरबाट आधा शरीर बालुवामा गाडिएको अवस्थामा स्थानियहरुले देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

प्रहरीले ती नवजात शिशुलाई उद्धार गरी राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाएको छ । यता शिशु कसले नदीमा फालेको विषयमा प्रहरी कार्यालय बोदेबरसाईनले अनुसन्धान थालेको छ ।

यसैबीच बोदे बर्साइन नगरपालिकाका नगर प्रमुख आतेश कुमार सिंहले फेला परका शिशुको सम्पूर्ण स्वास्थ्य खर्च र पालनपोषण नगरपालिकाले गर्ने जानकारी दिएका छन् ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- **कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।**
- **संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।**

**<u>यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ</u>**
- **खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।**
- **समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।**
- **खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।**
- **भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।**
- **आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।**

**<u>महत्वपूर्ण सवाल :</u>**
- **ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।**
- **कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।**
- **कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*